# मासिक प्रतिवेदन

## २०८३ वैशाख

परराष्ट्र मन्त्रालय

सिंहदरबार

## २०८३ वैशाख महिनामा परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादित प्रमुख कार्यहरू:

१.नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सञ्चालन गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा २०८३ वैशाख २० गते परराष्ट्र मन्त्रालयको आधिकारिक धारणा सार्वजनिक गरिएको। उक्त धारणामा सन् १८१६ को सुगौली सन्धि अनुसार काली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको नेपाल सरकारको सु-स्पष्ट अडान पुनः दोहोऱ्याइएको। साथै, भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट सो अडानबारे अवगत गराउँदै वार्ताद्वारा समस्या समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहेको विषय उल्लेख गरिएको।

२.सरकारले पृष्ठपोषणका लागि सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धताको मस्यौदामा समावेश भएका परराष्ट्रसँग सम्बन्धित विषयहरूमा परिमार्जन गर्न आवश्यक विषय/विवरणहरू मन्त्रालयका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (OPMCM) लाई उपलब्ध गराइएको।

३.नेपालको व्यापार र अर्थव्यवस्थाका प्रमुख समष्टिगत आर्थिक सूचकहरू, वस्तु तथा सेवा व्यापारको वर्तमान स्थिति, प्रमुख संरचनागत चुनौतीहरू, अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपश्चातको संक्रमणकालीन जोखिम, रणनीतिक सुझावहरू, वस्तु तथा सेवा निर्यातको सम्भावना, निर्यात वृद्धिका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू, नीतिगत सिफारिसहरू, कार्यान्वयन कार्ययोजना, परराष्ट्र मन्त्रालयको भूमिका लगायतका विषय समावेश गरी परराष्ट्र मन्त्री श्री शिशिर खनालज्यूको संयोजकत्वमा गठित उच्चस्तरीय अन्तर-मन्त्रालय कार्यदलले एक विस्तृत अध्ययन प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको।

४.परराष्ट्र मन्त्री श्री शिशिर खनाल र जोर्डनका उप-प्रधानमन्त्री तथा परराष्ट्र मन्त्री H. E. Mr Ayman Safadi बीच २०८३ वैशाख १० गते टेलिफोन संवाद भएको। सो अवसरमा नेपाल-जोर्डन द्विपक्षीय सम्बन्ध र पश्चिम एसिया क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षाका विषयमा छलफल भएको।

५.परराष्ट्र मन्त्री श्री शिशिर खनाल र युक्रेनका परराष्ट्र मन्त्री H. E. Mr Andrii Sybiha बीच २०८३ वैशाख १७ गते टेलिफोन संवाद भएको। सो अवसरमा युक्रेनमा युद्धबन्दीको रूपमा रहेका नेपाली नागरिकहरूको रिहाइ र स्वदेश फिर्तीका लागि अनुरोध गरिएको तथा नेपाल-युक्रेन द्विपक्षीय सम्बन्ध, कृषि, पर्यटन र शिक्षा लगायतका क्षेत्रमा सहयोग अभिवृद्धिका विषयमा छलफल भएको।

६. परराष्ट्र मन्त्री श्री शिशिर खनालले परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (IFA) द्वारा आयोजित "Student Migration: Policy, Aspiration, and Global Mobility" विषयक गोष्ठीलाई सम्बोधन गर्नुभएको। साथै, नेपाल विश्व मामिला परिषद् (NCWA) को ७८औं स्थापना दिवस कार्यक्रममा सम्बोधन गर्नु भई उक्त संस्थाको जर्नल विमोचन गर्नुभएको।

७. परराष्ट्र मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को दोस्रो बैठक सम्पन्न भएको। उक्त बैठकमा मन्त्रालय र अन्तर्गतका निकायको आर्थिक वर्ष २०८२/८३ को तोकिएको अवधिसम्मको कार्यसम्पादनको समीक्षा गरिएको र कार्यान्वयनका चुनौतीहरू पहिचान गरी समाधानका उपायहरूमा छलफल गरिएको।

८.बैशाख ७ गते नेपालका प्रतिष्ठित सञ्चार गृहका प्रधान सम्पादक, सम्पादक एवम् वरिष्ठ पत्रकारहरूसँग परराष्ट्र मन्त्रीको समुपस्थितिमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको।

९. Yadu Nath Khanal Lecture Series को पाँचौं संस्करण आयोजनाका लागि पहिलो सञ्चालक समिति बैठक सम्पन्न गरिएको। यस बैठकसम्बन्धी तयारी कार्य भइरहेको।

१०.पोर्चुगलका उप-परराष्ट्र मन्त्री H. E. Dr Ana Isabel Xavier २०८३ वैशाख १६-१८ गते नेपाल भ्रमणमा आउनुभएको। भ्रमणका अवसरमा परराष्ट्र सचिव श्री अमृत बहादुर राईसँग द्विपक्षीय बैठक र परराष्ट्र मन्त्रीसँग शिष्टाचार भेट भएको। बैठकमा नेपाल-पोर्चुगल सम्बन्धको समग्र समीक्षा गर्दै पर्यटन, लगानी, व्यापार, श्रम र डिजिटलाइजेशन लगायतका क्षेत्रमा सहयोग विस्तारका विषयमा छलफल भएको। काठमाडौंमा पोर्चुगलको कूटनीतिक नियोग स्थापना गर्ने विषय समेत घोषणा गरिएको।

११. २०८३ वैशाख ७ देखि नेपाल भ्रमणमा रहेको International Monetary Fund को Governance and Corruption Diagnostic Mission अन्तर्गत Mr. Jonathan Pampolina नेतृत्वको एक प्रतिनिधिमण्डल र अन्तर्राष्ट्रिय सङ्घ सङ्गठन तथा अन्तर्राष्ट्रिय कानुन महाशाखाबीच २०८३ वैशाख १५ गते भेटवार्ता सम्पन्न भएको। सो बैठकमा पारस्परिक कानुनी सहायता (MLA) र सम्पत्ति शुद्धीकरणका मुद्दामा अन्तर्राष्ट्रिय सहयोगको प्रगति र चुनौती लगायत विषयमा छलफल केन्द्रित भएको।

१२. मन्त्रालयले विकास गरेको Informal Remittance Information Portal मार्फत विदेशस्थित नेपाली नियोगहरूबाट प्राप्त विवरणहरू समावेश गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयमा प्रगति प्रतिवेदन प्रेषित गरिएको। यसबाट हुण्डी कारोबार नियन्त्रणमा सहयोग पुग्ने देखिएको।

१३. ११ देखि १२ मे २०२६ सम्म जेनेभामा आयोजित उत्पत्तिको नियमसम्बन्धी समिति (Committee on Rules of Origin, CRO) को बैठकमा नेपालले Preferential Rules of Origin सम्बन्धी LDC Core Group को सदस्यका रूपमा सक्रिय योगदान पुऱ्याएको। नेपालले अतिकम विकसित मुलुकहरूको निर्यातसम्बन्धी उत्पत्तिको नियमहरूलाई सरल तथा एकरूप बनाउने सम्बन्धमा जारी छलफललाई तीव्रता दिनुपर्नेमा जोड दिँदै उत्पत्तिको नियमहरू सरल, पारदर्शी, पूर्वानुमानयोग्य र व्यापार सहजीकरणमुखी हुनुपर्ने विषयलाई गम्भीरताका साथ उठाएको।

१४. युएईमा पक्राउ परी थुनामा रहेका १२८ जना नेपाली नागरिकहरूलाई पवित्र रमजान महिनाको अवसरमा युएई सरकारले क्षमादान दिएकोमा कूटनीतिक माध्यमबाट कृतज्ञता व्यक्त गरिएको।

१५. इरानमा पानीजहाज प्रकरणमा पक्राउ परेका नेपाली नागरिक अमृत झाका सम्बन्धमा तेहरानस्थित नेपाली अनररी कन्सल र दोहास्थित नेपाली राजदूतावास र अन्य कूटनीतिक नियोगहरू मार्फत पहल जारी राखिएको।

१६. दक्षिण तथा मध्य एसियाका लागि संयुक्त राज्य अमेरिकाका विशेष दूत Mr Sergio Gor २०८३ वैशाख १७-१९ गते नेपाल भ्रमणमा आउनुभएको। भ्रमणका अवसरमा परराष्ट्र मन्त्रीसँग भेटघाट गरी नेपाल-अमेरिका द्विपक्षीय सम्बन्ध, व्यापार र लगानी विस्तार लगायतका विषयमा छलफल भएको।

१७. परराष्ट्र मन्त्रीसँग युरोपेली सङ्घ लगायत विभिन्न मुलुकका राजदूत तथा अन्य उच्च पदस्थ अतिथिहरूले छुट्टाछुट्टै शिष्टाचार भेटघाट गर्नुभएको। सो अवसरहरूमा द्विपक्षीय सम्बन्ध थप प्रगाढ बनाउने र पारस्परिक हितका विविध क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको।

१८. परराष्ट्र सचिव श्री अमृत बहादुर राईको अध्यक्षतामा गठित उच्चस्तरीय आपतकालीन प्रतिकार्य कार्यदल (Emergency Response Team) को छैठौं बैठक सम्पन्न भएको। उक्त बैठकले पश्चिम एसियाका सम्पूर्ण श्रम गन्तव्य मुलुकहरू वैदेशिक रोजगारीका लागि खुला गर्न सिफारिस गर्ने, नयाँ श्रम स्वीकृति, पुनः प्रवेश अनुमति (Re-entry Work Permit) तथा वैधानिकीकरण सेवा पुनः सञ्चालन गर्ने, कामदार माग-पत्र प्रमाणीकरण प्रक्रिया सुचारु गर्ने तथा आपतकालीन नियन्त्रण कक्ष (Emergency Control Room) र नियोगहरूमा गठित द्रुत प्रतिकार्य टोलीलाई स्थायी संरचनाका रूपमा सञ्चालन गर्ने लगायतका महत्त्वपूर्ण निर्णयहरू गरेको।

१९. दक्षिण-पूर्वी एसियाका विभिन्न अनलाइन ठगी केन्द्रहरूमा फसेका नेपाली नागरिकहरूको उद्धारका लागि थाइल्याण्ड र म्यानमारस्थित नेपाली राजदूतावासहरूमार्फत सम्बद्ध निकायहरूसँग समन्वय गरिएको। वैशाख मसान्तसम्म कम्बोडिया, म्यानमार, लाओस र थाइल्याण्डबाट गरी जम्मा ६१६ जना नेपाली नागरिकको उद्धार गरी स्वदेश फिर्ता गरिएको।

२०.नेपाल र रोमानियाबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भई ४ मे २०२६ मा बुखारेष्टमा उक्त संयन्त्रको पहिलो बैठक आयोजना गरिएको। बैठकमा नेपाल-रोमानिया आर्थिक सम्बन्ध, श्रम, कन्सुलर कार्य र बहुपक्षीय सहकार्य लगायतका विषयमा छलफल भएको।

२१. नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घले अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरेको सन्दर्भमा अप्रिल १५ का दिन मन्त्रालयमा स्वजागरण कार्यक्रम आयोजना गरी परराष्ट्र मन्त्रीले आरोग्य अभ्यासलाई दैनिक जीवनको अभिन्न अङ्ग बनाउन प्रेरणा दिनुभएको। साथै, हातीबन-चम्पादेवी मार्गमा विदेशी राजदूतहरू र कूटनीतिक समुदायको सहभागितामा आरोग्य पदयात्रा आयोजना गरिएको।

२२. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदामाथि २०८३ वैशाख १० गते गैर आवासीय नेपाली सङ्घका वर्तमान, निवर्तमान र पूर्व अध्यक्षहरूको सहभागितामा मन्त्रालयमा छलफल कार्यक्रम आयोजना गरिएको।

२३. पश्चिम एसिया तथा अफ्रिका; दक्षिण, उत्तर-पूर्व र दक्षिण-पूर्व एसिया तथा प्रशान्त क्षेत्र; र युरोप तथा अमेरिका क्षेत्रस्थित नेपाली नियोगहरूसँग तीन चरणमा भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको। उक्त कार्यक्रमहरूमा सुशासन, प्रविधिमा आधारित सेवा प्रवाह र आर्थिक कूटनीतिलाई सरकारका प्रमुख प्राथमिकताका रूपमा स्थापित गर्न नियोगहरूलाई निर्देशन दिइएको।

२४. मन्त्रालयको समन्वयकारी भूमिकालाई थप सुदृढ बनाउन ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; कृषि तथा पशुपन्छी विकास मन्त्रालय; र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग अन्तर-मन्त्रालय समन्वय र अन्तरक्रिया सम्पन्न गरिएको।

२५. २०८३ वैशाख ९ गते कोशी प्रदेशको विराटनगरमा "नेपालको निर्यात व्यापार, लगानी एवं पर्यटन प्रवर्द्धनका लागि परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली नियोगको भूमिका" विषयक प्रदेशस्तरीय आर्थिक कूटनीति अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको। उक्त कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री, सम्बन्धित मन्त्री, प्रदेश सचिव तथा निजी क्षेत्रका प्रतिनिधिहरूले सहभागिता जनाएको।

२६. क्षेत्रीय सहकार्य प्रवर्द्धनका लागि सार्क, बिमस्टेक, एसियाली सहयोग संवाद (ACD), SACEP, BBIN र सांघाई सहयोग सङ्गठन (SCO) लगायत क्षेत्रीय तथा उप-क्षेत्रीय संगठनहरूमा नेपालको सक्रिय सहभागिता जारी रहेको। मालदिभ्समा आयोजित सार्क अन्तर-सरकारी विशेषज्ञ समूहको दोस्रो बैठकमा नेपाल सहभागी भएको। बिमस्टेक अन्तर्गत थाइल्याण्डमा साना तथा मझौला उद्यम (MSMEs) सम्बन्धी ज्ञान आदानप्रदान कार्यशाला र भारतमा युवा नेतृत्व आदानप्रदान कार्यक्रममा नेपालको सहभागिता रहेको।

२७. नेपाल सरकारको शासकीय सुधार सम्बन्धी १०० कार्यसूची अनुरूप साप्ताहिक प्रगति प्रतिवेदन नियमित रूपमा प्रेषित गरिएको।

२८. कन्सुलर सेवा विभागमा व्यावसायिक प्रक्रिया पुनर्संरचना (BPR) का लागि प्रक्रिया सुधार कार्यदल गठन गरी काम अगाडि बढाइएको र "कन्सुलर सेवा कार्यविधि, २०८३" को मस्यौदा तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको।

२९.परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पन्न जनचासो र महत्त्वका मुख्य कामहरू प्रवक्ताको कार्यालयबाट तत्कालै र मन्त्रालयको आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जाल ह्याण्डलहरूबाट निरन्तर रूपमा प्रकाशन र प्रचारप्रसार भएका।

३०. मन्त्रालयको सामाजिक सञ्जाल ह्याण्डल @MoFANepal_PD मार्फत नेपालको प्राकृतिक सौन्दर्य तथा कला, संस्कृति र सम्पदा प्रवर्द्धन गरी राष्ट्रको छवि अभिवृद्धि गर्ने उद्देश्यले फोटो/भिडियोसहितका कन्टेन्टहरू तयार गरी प्रकाशित/प्रसारित गरिएको। नेपाली चाडपर्व तथा दिवसहरू र संयुक्त राष्ट्रसङ्घद्वारा घोषित नेपालसँग सन्दर्भ राख्ने अन्तर्राष्ट्रिय दिवसहरूका अवसरमा समेत सामग्रीहरू प्रकाशित/प्रसारित गरिएको। सर्वसाधारणले सहजै बुझ्न सक्ने गरी यथाशक्य graphics सहितका कन्टेन्ट तयार गरिएको।

३१.परराष्ट्र सम्बन्ध र मन्त्रालयको कामका सम्बन्धमा विभिन्न सञ्चार माध्यममा प्रकाशित झूटा खबरहरूका सम्बन्धमा सम्बन्धित पक्षलाई मन्त्रालयमा बोलाई वा फोनमार्फत सही सूचना र जानकारी प्रवाह गरिएको।

३२. पश्चिम एसिया क्षेत्रको परिस्थिति, उच्चस्तरीय भेटघाट, सीमा विवाद र श्रम आप्रवासन लगायतका विषयमा जानकारी उपलब्ध गराउँदै मन्त्रालयमा महिनामा दुई पटक (दोस्रो र चौथो शुक्रबार) नियमित प्रेस ब्रिफिङ आयोजना गरिएको। मन्त्रालयको आधिकारिक फेसबुक पेजबाट सो कार्यक्रम Live Stream समेत गर्न सुरुवात गरिएको।

३३.मन्त्रालयको वेबसाइट निरन्तर अद्यावधिक गरिएको।

३४.मन्त्रालयबाट नियमित प्रकाशन हुने त्रैमासिक Proactive Disclosure सम्बन्धी कार्य सम्पन्न गरी मन्त्रालयको वेबसाइट र सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएको।

३५.सूचनाको हकसम्बन्धी ऐन बमोजिम माग भएका निवेदनउपर सूचनाहरू उपलब्ध गराइएको।

३६.प्राप्त निवेदनबमोजिम १६ थान गैर आवासीय नेपाली परिचयपत्र जारी गरिएको।

३७.कन्सुलर सेवा विभागबाट ३२४ जना नेपाली नागरिकहरूको उद्धार तथा क्षतिपूर्तिका लागि र विदेशमा मृत्यु भएका ५४ जना नेपालीहरूको शव व्यवस्थापनका लागि नेपाली नियोगहरूसँग समन्वय तथा सहजीकरण गरिएको।

३८.कन्सुलर सेवा विभागबाट यस महिनामा ६६,१९३ थान कागजातहरू प्रमाणीकरण गरिएको। यसका अतिरिक्त विभागबाट अन्य नियमित कामहरू सम्पन्न गरिएको।

३९.राहदानी विभाग, विदेशस्थित नेपाली नियोग तथा जिल्ला/इलाका प्रशासन कार्यालयबाट गरी यस महिनामा ८०,९१४ थान राहदानी जारी गरिएको।

४०.मन्त्रालय र अन्तर्गतका निकायबाट अन्य कामहरू/सेवाहरू निरन्तर सम्पादन/प्रवाह भएका।

परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

९७७-१- ४२००१८२/१८३/१८४/१८५ https://mofa.gov.np/ info@mofa.gov.np